# बोलपत्र/दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७७।०६।१६)
(2 October 2020)

आम्दा नेपाल अन्तर्गत सञ्चालित अस्पताल/परियोजनाका लागि आवश्यक औषधि, औषधिजन्य सामाग्रि तथा केमिकलहरु खरिद गर्नु पर्ने भएकाले इच्छुक ईजाजत प्राप्त आपूर्तिकर्ताहरुबाट यो सूचना (007314/AMDA/AH/207778) प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र तोकिएको शर्तको अधिनमा रही बोलपत्र/दरभाउपत्र आह्वान गरिएको छ ।

**शर्तहरुः**

१. बोलपत्र फारम आम्दा नेपालको वेवसाईट http://amda.org.np/ebidding मार्फत खरिद गर्न सकिन्छ । सोका लागी बोलपत्रमा भाग लिन चाहने आपूर्तिकर्ताले http://amda.org.np/ebidding मार्फत भेण्डर रजिष्ट्रेशन गरेको हुनुपर्छ ।

२. विद्युतिय माध्यमबाट बोलपत्र/दरभाउपत्र फारम रू. २,०००।– आम्दा नेपालको नाममा नेपाल ईन्भेष्टमेण्ट बैक, लिमिटेड, दरबार मार्गमा रहेको बैक खाता नं. ००१०१०१००२९००९ मा जम्मा गरी बैक भौचर विद्युतिय माध्यमबाट फारम खरिद गर्ने ठाँऊमा संलग्न गर्नु पर्ने छ । बोलपत्र/दरभाउपत्र फारमको शुल्क फिर्ता हुने छैन ।

३. बोलपत्र पेश गर्नु अघि मिति २०७७।०६।२३ (9 October 2020) गते दिउसो २:३० बजे आम्दा नेपालले भर्चुअल माध्यमबाट प्रि–विड बैठक सञ्चालन गर्नेछ । भर्चुअल माध्यमबाट सञ्चालन गरिने प्रि–विड बैठकमा भाग लिन चाहने आपूर्तिकर्ताले आम्दा नेपालमा अग्रिम सुचना दिनुपर्नेछ । अग्रिम सुचना प्राप्त भएमा संवन्धित आपूर्तिकर्तालाइ भर्चुअल बैठकको लिंक उपलब्ध गराइनेछ ।

४. बोलपत्र/दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन अर्थात मिति २०७७।०६।३० (16 October 2020) गते दिऊसो २:०० बजे भित्र विद्युतिय माध्यमबाट पेश गरिसक्नु पर्नेछ । आपुर्तिकर्ताले कुनै कारणवश विद्युतिय माध्यमबाट वोलपत्र पेश गर्न नसकेमा, आम्दा नेपालमा सम्पर्क गरी शिलवन्दी बोलपत्र बुझाउन सक्नेछन् ।

५. बोलपत्र/दरभाउपत्रको साथमा आफूले कबोल गरेको कुल अनुमानित रकमको २.५ प्रतिशतले हुन आउने बरावरको रकम कम्तिमा तीन महीनाको लागि मान्यहुने गरि आम्दा नेपालको नाममा जारी भएको बिडवण्ड संलग्न हुनुपर्नेछ । तोकिए वमोजिमको विडवण्ड समाबेश नगरी बोलपत्र/दरभाउपत्र पेश गरेमा संवन्धित फर्म/कंपनीलाई कालोसूचिमा राख्न सकिनेछ । छनौट भएको बोलपत्र/दरभाउपत्र दाताले सूचना जारी भएको सात दिन भित्र स्विकृत रकम (भ्याट समेतको) जम्मा ५ प्रतिशतका दरले हुन आउने रकम बराबरको कम्तिमा एक वर्ष अवधि मान्य हुने गरी आम्दा नेपालको नाममा जारी भएको परफरमेन्स वोण्ड (बैंक ग्यारेन्टी) सहीत आम्दा नेपालसँग संझौता गरिसक्नु पर्नेछ । अन्यथा बिडवण्ड जफत हुनेछ । बोलपत्र/दरभाउपत्रहरुको आन्तरिक मूल्याङ्कनको आधारमा आम्दा नेपालले थप बीस प्रतिशतसम्म परफरमेन्स वोण्ड (बैंक ग्यारेन्टी) माग गर्न सक्नेछ ।

६. बोलपत्र/दरभाउपत्र फारम भर्दा नेपाल सरकारको प्रचलित नियमानुसार भ्याट बाहेकको नेपाली मुद्राको दररेट अंक र अक्षर दुबैमा भर्नुपर्नेछ । अंक र अक्षरमा द्विविधा भएमा अक्षरमा लेखिएको दर मान्य हुनेछ । केरमेर भएको ठाउँमा सही छाप गर्नुपर्नेछ । नेपाल सरकारलाई तिर्न बुझाउनु पर्ने भ्याट बाहेक सबै प्रकारका करहरु र स्थानिय स्तरमा तिर्नु पर्ने अन्य सबै प्रकारका कर तथा शुल्कहरु दररेटमा समाबेश भएको मानिनेछ । बोलपत्र/दरभाउपत्र दाताले गर्नु पर्ने कामको पूर्ण विवरण (कामको प्रकार, स्थान, अवधि आदि) बुझी जानी दररेट भरेको मानिनेछ । आवश्यक परेमा आम्दा नेपालले बोलपत्र/दरभाउपत्र दाताले प्रस्ताब गरेको उपकरण/सेवा, काम तथा निर्माण कार्यमा प्रयोग गर्न प्रस्ताव गरेको सामानहरुको गुणस्तर परिक्षण गर्न सक्नेछ । तोकिएको गुणस्तर बमोजिमको सामान आपूर्ति वा काम सम्पन्न गर्न नसकेमा समेत परफरमेन्स वोण्ड (बैंक ग्यारेन्टी) जफत हुनेछ ।

७. शिलवन्दी बोलपत्र/दरभाउपत्रका साथ अद्यावधिक कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७५/०७६ सम्मको करचुक्ताको प्रमाणपत्र/मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि, संक्षिप्त परिचय तथा कार्यानुभव संलग्न गर्नुपर्नेछ ।

८. अन्य शर्त तथा कार्यविवरण बोलपत्र/दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । बोलपत्र/दरभाउपत्रमा संशोधन आवश्यक देखिएमा पेश गर्ने अन्तिम मिति अगावै आम्दा नेपालले संशोधन गर्न सक्नेछ ।

९. बोलपत्र/दरभाउपत्र फारम बुझाउने अन्तिम मिति अर्थात २०७७/०६/३० (16 October 2020) का दिन दिऊसो २ बजे सम्म बोलपत्र विद्धुतिय माध्यमबाट वा शिलवन्दी बोलपत्र पेश गर्ने र सोहि दिन दिनको ३:३० बजे बोलपत्र/दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिहरु समेतको रोहवरमा भर्चुअल माध्यमबाट खोलिने छ । उक्त दिन सार्वजनिक विदा परेमा बिदा पछि कार्यालय खुलेको दिन भर्चुअल माध्यमबाट सोहि समयमा खोलिनेछ । बोलपत्र/दरभाउपत्र दाताको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र/दरभाउपत्र खोल्न वाधा पुग्ने छैन ।

१०. अस्पताल उपकरणको हकमा आवश्यकता अनुसार ISO/CE/IEC/US-FDA, औषधिको हकमा WHO-GMP प्रमाणपत्र र सबै (औषधि, उपकरण वा अन्य) सामाग्रिहरुको हकमा उत्पादक कम्पनीको आधिकारी विक्रेताको प्रमाणपत्रको प्रतिलिपि वा दरभाऊ पेश गर्न दिएको पत्र बोलपत्रका साथ पेश गर्नु पर्नेछ ।

११. रितपूर्वक प्राप्त नभएको बोलपत्र/दरभाउपत्र रद्द गर्न सकिने छ ।

१२. आम्दा नेपालले बोलपत्र/दरभाउपत्रदाताले पेश गरेको प्रस्तावका सम्पूर्ण काम/सरसामान/सेवा मध्ये आंशिक वा पूर्ण प्रस्ताव मात्र समेत छनौट गर्न सक्ने छ ।

१३. छनौट भएको बोलपत्र/दरभाउपत्र दाता र आम्दा नेपाल बिच संझौता सम्पन्न हुनासाथ आम्दा नेपाल मातहतको कार्यालयहरुले खरिद आदेश/कार्यादेश जारी गर्न सक्नेछन् । आम्दा नेपाल मातहतका कार्यालयहरुले जारी गरेको खरिद आदेश वमोजिम तोकिएको स्थानमा तोकिए वमोजिमका सम्पूर्ण सरसमान/सेवा तोकिएको समय भित्र पूर्णरुपमा बुझाउन पर्ने छ अन्यथा आम्दा नेपालले परफरमेन्स वण्ड जफत गर्न सक्ने छ । कार्यादेश जारी भएको मितिले निमार्ण संवन्धि काम गर्ने व्यवसायीले बोलपत्र/दरभाउपत्रफाराममा तोकिएको अवधि भित्र र अन्य आपूर्तिकर्ताहरुले आम्दा नेपाल मातहतका कार्यालय/अस्पताल/परियोजनाहरुले जारी गरेको कार्यादेश/खरिद आदेश बमोजिम तोकिएको स्थानमा तोकिएको समय भित्र बस्तु, सेवा तथा सरसामानहरु छनौट भएको बोलपत्र/दरभाउपत्रदाताले पूर्णरुपमा हस्तान्तरण गरिसक्नुपर्नेछ अन्यथा परफरमेन्स वोण्ड जफत हुनेछ वा आम्दा नेपालले निर्धारण गर्ने जरिवाना, बैंक ग्यारेन्टीबाट असुल उपर गरिनेछ ।

१४. आम्दा नेपाल र बोलपत्र/दरभाउपत्र दाता बिच संझौता सम्पन्न भई आम्दा नेपाल मातहतको कार्यालयले खरिद आदेश जारी गरेको मितिले ३० (तिस) दिन भित्र सामग्रिहरु उपलब्ध गरि सक्नुपर्ने छ । बोलपत्र/दरभाउपत्र दातालाई पेश्कि आवश्यक परेमा निर्माण कार्यको हकमा आम्दा नेपालको नियमानुसार जम्मा संझौता रकमको बढीमा बीस प्रतिशत रकम बोलपत्र/दरभाउपत्रदाताले पेश गरेको एड्भान्स पेमेन्ट ग्यारेन्टीको आधारमा सो बराबरको रकम मात्र भुक्तानी दिन सकिनेछ । बोपतत्रदाताले छनौट भएको बोलपत्रबाट एकै पटक सरसमान उपलब्ध गराउने अवस्थामा बोलपत्रमा उल्लेख गरेको कुल जम्मा रकम बराबर एड्भान्स पेमेन्ट ग्यारेन्टी पेश गरेमा बढीमा असि प्रतिशत बराबरको रकम पेश्कि भुक्तानी गर्न सकिने छ । छनौट भएको बोलपत्र/दरभाउपत्र दाताले आम्दा नेपालसँग गरेको संझौताको शर्तहरु पालना गर्न असमर्थ भएमा आम्दा नेपालले परफरमेन्स बोण्ड र एड्भान्स पेमेन्ट ग्यारेन्टी दुवै जफत गर्नेछ ।

१५. आयु तोकिएको बस्तु, सेवा वा सरसामानहरुको हकमा, आम्दा नेपालका लागि सो बस्तु, सेवा वा सरसामानहरु बुझाउँदा वा प्रयोग गर्दाको दिनमा सोको जम्मा आयु अवधि कम्तिमा असि प्रतिशत बाँकी रहेको हुनुपर्नेछ ।

१६. आम्दा नेपालका लागि आपूर्ति गर्ने उपकरण, बस्तु, सेवा वा सरसामानहरु उत्पादकले प्याकिङ्ग गरि बजारमा वितरण गर्दाको अवस्थामा हुनुपर्नेछ । क्षतिग्रस्त वा मर्मत संभार गरिएको सरसामान आपूर्ति तथा प्रयोग स्विकार गरिने छैन । आम्दा नेपालले हस्तान्तरण लिनु अगावै कुनै प्रकारको क्षति हुन पुगेमा सो क्षतिको जिम्मेवारी छनौट भएको बोलपत्र/दरभाउपत्र दाताले लिनु पर्नेछ ।

१७. आम्दा नेपालले जारि गरेको खरिद आदेश बमोजिम तोकिएको समयावधि भित्र आंशिक मात्र काम सम्पन्न हुने परिस्थिति ठहर भएमा, कुनै पनि बखत संझौता रद्द गरि तोकिएको समयावधि भित्र काम सम्पन्न गर्न आवश्यक अन्य व्यवस्था गर्न सक्नेछ । संझौता गरेको आपुर्तिकर्ताले आंशिक काम सम्पन्न गर्नाले परियोजनाको काममा उत्पन्न व्यवधानको क्षतिपूर्ति स्वरुप, आम्दा नेपालले बाँकी काम सम्पन्न गर्न अन्य आपुर्तिकर्तालाई परिचालन गर्दा लागेको सम्पूर्ण मूल्यको बीस प्रतिशत थप गरि जरिवाना तोक्न वा परफरमेन्स वोण्ड र एडभान्स पेमेन्ट ग्यारेन्टी जफत गर्न सक्नेछ ।

१८. नेपाली मुद्रामा क्रस चेक मार्फत भुक्तानी गरिनेछ । नेपाल सरकारको प्रचलित नियमानुसार लाग्ने कर अग्रिम कट्टा गरिनेछ ।

१९. आपुर्तिकर्ताले संझौता बदर गर्न चाहेमा कम्तिमा एक महिना अगावै लिखित सूचना दिनुपर्नेछ । संझौता बदर हुने अवस्थामा आम्दा नेपालले परफरमेन्स वोन्ड र एडभान्स पेमेन्ट ग्यारेन्टी जफत गर्नेछ । संझौता बदरको प्रस्ताव स्विकार गर्ने वा नगर्ने अधिकार आम्दा नेपालमा सुरक्षित रहनेछ ।

२०. संझौता कार्यान्वयन गर्दा तोकिएका बस्तु, सेवा वा सरसामानहरुको गुणस्तरको सुनिश्चितता, आवश्यक प्राविधिक सहयोग र अन्य सबै प्रकारका सरसहयोग, बोलपत्र/दरभाउपत्रसाथ पेश गरे वमोजिम आपूर्तिकर्ताले उपलब्ध गराउनु पर्नेछ ।

२१. बोलपत्र/दरभाउपत्रहरु आंशिक वा पूर्णरुपमा, जानकारी दिई वा नदिई स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, पूर्ण रुपमा आम्दा नेपालमा सुरक्षित रहनेछ।

बोलपत्र/दरभाउपत्र संवन्धि थप जानकारीको लागि तलको ठेगानामा सम्पर्क गर्न सकिनेछ ।

**<u>सम्पर्क राख्ने ठेगाना</u>**

आम्दा नेपाल
केन्द्रीय कार्यालय
गोकर्णेश्वर–६, काठमाडौं
टेलिफोनः०१–९१०२३५/४९१११४०
ईमेलः amda@amda.org.np

आम्दा नेपालको उपरोक्त सूचना वमोजिम तोकिएका उपरोक्त शर्तहरु पूर्णरुपमा स्विकार गर्दछु/गर्दछौं।

संस्थापक वा आधिकारीक पदाधिकारीको नामः ..................................

हस्ताक्षरः .....................................................

मितिः .............................

फर्मः कंपनीको छाप